# आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक समिक्षा कार्यक्रम सम्पन्न

प्रतिवेदन पत्र

**पेश गरिएको निकाय**

बेनीघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ।

**पेश गर्ने**

बेनीघाट रोराङ गाउँपालिका, योजना शाखा

## १.परिचयः

बेनीघाट रोराङ गाउँपालिकाका विषयगत शाखाहरू, वडा कार्यालयहरू तथा स्वास्थ्य संस्थाहरूबाट आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक अवधिमा सम्पादन भएका कार्यक्रम, सेवा प्रवाह, उपलब्धि तथा प्रगतिहरूको समीक्षा गर्ने उद्देश्यले एकदिने दोस्रो त्रैमासिक समीक्षा कार्यक्रम आयोजना गरिएको थियो। कार्यक्रममा सम्बन्धित शाखा तथा कार्यालय प्रमुखहरूले पावर प्वाइन्ट प्रस्तुति मार्फत आफ्नो शाखाबाट सम्पन्न भएका कार्यक्रम, उपलब्धि, देखिएका समस्या, चुनौती तथा आगामी कार्ययोजनाबारे प्रस्तुति दिएका थिए। जनप्रतिनिधि तथा कर्मचारीहरूको सक्रिय सहभागितामा कार्यक्रम सम्पन्न भएको र सोही आधारमा यो प्रतिवेदन तयार गरिएको हो।

## २.उद्देश्य

- गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूबाट तेस्रो त्रैमासिक अवधिमा सम्पादन भएका कार्यक्रमहरूको समीक्षा गर्नु।
- आ.व. २०८२/०८३ का लागि निर्धारण गरिएका लक्ष्य तथा उद्देश्यअनुसार भएका कार्यहरूको प्रगतिको मूल्याङ्कन गर्नु।
- सेवा प्रवाहमा देखिएका समस्या, चुनौती तथा सुधारका उपायहरूको पहिचान गर्नु।

## ३.उपलब्धी

- विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूबाट तेस्रो त्रैमासिक अवधिमा सम्पन्न भएका कार्यक्रमहरूको समीक्षा सम्पन्न भएको।
- निर्धारित लक्ष्य तथा कार्ययोजनाअनुसार अधिकांश कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन भएको।
- शाखागत उपलब्धि, असल अभ्यास तथा आगामी कार्ययोजनाबारे अनुभव आदानप्रदान तथा रचनात्मक छलफल सम्पन्न भएको।
- शाखाहरूबीच समन्वय तथा कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने विषयमा साझा प्रतिबद्धता व्यक्त गरिएको।

**४.कार्यक्रमको नामः** *आ.व २०८२/०८३ को तेस्रो त्रैमासिक समिक्षा कार्यक्रम*

**५.कार्यक्रम सञ्चालन भएको स्थानः** बेनीघाट रोराङ गाउँपालिकाको सभाहल

**६.कार्यक्रम सञ्चालन भएको अवधिः** २०८३ चैत्र ३१ गते

## ७.कार्यक्रम सञ्चालन प्रक्रिया

- बिहान ठिक ८.०० बजे गाउँपालिकाको सभाहलमा उपस्थित भएको।

- कार्यक्रममा विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाको आ.व २०८२/०८३ को तेस्रो त्रैमासिकमा भए गरेका विभिन्न कार्यक्रमहरु र असल अभ्यासहरु पावर प्वाइन्ट प्रिजेन्टेशन मार्फत पालैपालो शाखा प्रमुखबाट आफ्नो प्रस्तुती गरि कार्यक्रम सम्पन्न भएको।

## ८.कार्यक्रमको वास्तविक लागत खर्च

| क्र.सं. | विवरण | परिमाण | ईकाइ | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | खाना/खाजा र पानी | एकमुष्ठ | एकमुष्ठ | एकमुष्ठ | १,५०,०००/- | |
| कुल जम्मा | | | | | १,५०,०००।- | |

## ९. सहभागी विवरण तपशिल बमोजिम रहेका छन्।

- बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८२/०८३ मा गाउँपालिका र गाउँपालिका मातहतका कार्यालयहरुबाट तेस्रो त्रैमासिक समिक्षा कार्यक्रममा गाउँपालिका आदरणीय अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, सम्पूर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, विषयगत शाखा प्रमुखहरु, वडा सचिवहरु र स्वास्थ्य इकाइ प्रमुखहरुको सक्रिय सहभागिता रहेको थियो।

## १०. तेस्रो त्रैमासिकमा शाखागत, वडा कार्यालय र स्वास्थ्य संस्थाबाट सेवा प्रवाह गर्दा देखा परेका समस्याहरुः-

- सीमित स्रोत– साधन तथा जनशक्तिका कारण केही कार्यक्रम सञ्चालनमा चुनौती देखिएको।
- केही योजनाको कार्यान्वयन तथा प्रतिवेदन व्यवस्थापनमा समय व्यवस्थापनसम्बन्धी कठिनाइ रहेको।
- शाखाहरूबीच सूचना आदानप्रदान तथा समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता महसुस भएको।

## ११. समस्या समाधानका लागि चालिएका पहलहरुः-

- समुदायको आवश्यकता, वर्तमान परिस्थिती तथा जनअपेक्षालाई मध्यनजर गर्दै सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरिएको।
- शाखाहरूबीच समन्वय, नियमित अनुगमन तथा प्रगति समीक्षा प्रणालीलाई थप सुदृढ बनाउने सहमति गरिएको।
- सेवाग्राहीमैत्री सेवा प्रवाहलाई प्राथमिकता दिँदै आवश्यक समन्वय र सहकार्यलाई निरन्तरता दिने निर्णय गरिएको।

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार धादिङ
बागमती प्रदेश,नेपाल

- निर्धारित लक्ष्यअनुसार कार्यक्रम सम्पन्न गर्न नियमित प्रगति अनुगमन तथा समीक्षा गर्ने व्यवस्था मिलाइने निर्णय गरिएको।

## १२. सारांश

बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८२/०८३ को तेस्रो त्रैमासिक समीक्षा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रममा विषयगत शाखा, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूले तेस्रो त्रैमासिक अवधिमा सम्पादन गरेका कार्यक्रम, सेवा प्रवाह, वित्तीय तथा भौतिक प्रगति, उपलब्धि, चुनौती र आगामी कार्ययोजनाको विस्तृत समीक्षा गरेका थिए। समीक्षा प्रक्रियाबाट शाखागत कार्यसम्पादनको यथार्थ अवस्था मूल्याङ्कन हुनुका साथै सेवा प्रवाहमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी समाधानका लागि आवश्यक सुझाव र निर्णयहरू समेत गरिएको छ।कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरूबीच भएको रचनात्मक छलफल, अनुभव आदानप्रदान तथा सुझावहरूले शाखाहरूबीचको समन्वय, उत्तरदायित्व र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने आधार तयार गरेको छ। आगामी दिनमा निर्धारित लक्ष्य तथा सूचकहरू समयमै हासिल गर्न नियमित अनुगमन, प्रभावकारी समन्वय, स्रोत– साधनको उचित परिचालन तथा सेवाग्राहीमैत्री सेवा प्रवाहलाई थप सुदृढ बनाउँदै जाने प्रतिबद्धता व्यक्त गरिएको छ। यस समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव, सिकाइ र निर्णयहरू चालु आर्थिक वर्षका बाँकी कार्यक्रमहरूलाई गुणस्तरीय, प्रभावकारी र नतिजामुखी रूपमा कार्यान्वयन गर्न महत्वपूर्ण मार्गदर्शनका रूपमा उपयोगी हुने विश्वास लिइएको छ।

तयार गर्नेः
परशुराम घिमिरे
शाखा अधिकृत

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार धादिङ
बागमती प्रदेश, नेपाल

बेनीघाट रोराङ गाउँपालिका